# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ

प्रदेश नं १, नेपाल

प.सं.०७७/०७८

च.नं.:

मितिः २०७८/०१/२१

### केराबारी गाउँपालिकको अत्यन्त जरुरी सूचना ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ को संङ्क्रमणको दोस्रो लहर दिन प्रतिदिन बढ्दै गइरहेको हुँदा **नयाँ भेरिएन्ट सहितको कोभिड-१९ महामारीको दोस्रो लहर रोकथाम तथा नियन्त्रणका** लागि **मिति २०७८/०१/२२ देखि ३१ गतेसम्म** तपसिल बमोजिम गर्ने गराउने व्यवस्था मिलाउन सम्बन्धित सबैमा अनुरोध छ ।

तपसिल

**गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुको हकमा ।**

- संक्रमितको संख्या बढीरहेकोले कर्मचारी, जनप्रतिनिधिहरु साथै सेवाग्राही समेत जोखिममा परी संक्रमण फैलन सक्ने वर्तमान अवस्थामा कार्यालय संचालन गरि रहदा संक्रमण फैलिई भयानक स्थिति आउने अवस्था भएको हुदा यस कार्यालय तथा १० वटै वडा कार्यालयहरुवाट संचालन हुने अत्यावश्यकीय सेवा (**स्वास्थ्य सेवा, फोहोरमैला व्यवस्थापन सम्बन्धि सेवा, दमकल सेवा, सव-वाहान सेवा**) वाहेक अन्य सेवाहरु बन्द रहने छ। यसबाट सेवाग्राहीमा पर्न जाने असुविधा प्रति गाउँपालिका क्षमा याचना गर्दछ ।

**बजार, पसल, होटल, संघ संस्था, सांस्कृतिक गतिविधि साथै सभा सम्मेलनको हकमा ।**

- केराबारी गाउँपालिका क्षेत्र भित्र मङ्गलवारे हाटबजार लगायत सम्पुर्ण हाटबजार बन्द गर्ने गराउने ।
- यस केराबारी गाउँपालिका भित्र मठ, मन्दिर, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पुर्ण पालना गरी पुजारीवाट मात्र नित्यपूजा, ध्यान र प्रार्थना गर्ने / गराउने ।
- मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, व्रतबन्ध, धार्मिक अनुष्ठान सन्चालन गर्नु परे प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिई गर्नुपर्ने साथै मलामी जादा २५ जना भन्दा बढि नहुने गरि स्वास्थ्य सुरक्षाका मापदन्ड पुरा गरेर मात्र जाने ।

# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ
प्रदेश नं. १, नेपाल

प.सं.०७७/०७८
च.नं.:

- विद्यालय, कलेज, टयुशन सेन्टर, तालिम केन्द्रमा भौतिक रूपमा उपस्थित नभई भर्चुअल वा वैकल्पिक शिक्षण सिकाईका विधिहरू अपनाई गतिविधि सञ्चालन गर्ने/ गराउने ।
- सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्वीमिङ पुल, फुटसल, सभा, आम सभा, जुलुस, हाटबजार, रंगशालामा हुने दर्शकसहितको खेलकुद र मानिसहरूको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम बन्द गर्ने / गराउने ।
- केराबारी गाउँपालिका क्षेत्रभित्रका पसल / व्यवसायहरु स्वास्थ्य सुरक्षाका मापदन्ड अपनाइ विहान ११ वजेसम्ममात्र खुल्ला गर्ने/ गराउने, होटल रेस्टुरेन्टहरुको हकमा ११ वजे पस्चात टेक अवे र होम डेलिभरिको व्यवस्था मिलाउने।
- लघुवित्त/ सहकारी संस्था/ गैह्र सरकारी संस्थाहरुले सामुहिक भेला गरि गर्ने कामहरु वन्द गर्ने / गराउने ।
- घर वाहिर निस्कनु परेमा अनिवार्य रुपमा मास्क प्रयोग गर्ने, मास्क प्रयोग नगरेको पाइएमा पहिलो पटक सचेत गराउने र सचेत गराउँदा पनि नमानेमा प्रहरीलाइ खवर गर्ने ।
- सवारी साधनभित्र अनिवार्य रुपमा स्वास्थ्य सुरक्षाका मापदन्ड अवलम्वन गर्ने/गराउने ।
- माथि उल्लिखित मापदन्ड पालना नगरेमा संक्रामक रोग ऐन -२०२०, अन्तर्गत जरिवाना/ कारवाही हुनेछ ।
- **यो सूचना २०७८/०१/२२ देखि २०७८/०१/३१ सम्मका लागि लागु हुनेछ ।**

.................................

[redacted]हेत [redacted]हादुर कार्की

अध्यक्ष

ई-मेल: kerabariruralmun@gmail.com, वेभसाइट:www.kerabarimun.gov.np फोन नं. ०२१-४०३११०

"कृषि पर्यटन सहितको पुर्ण पुर्वाधार, समृध्द केराबारी हाम्रो आधार"